## उद्यान निर्माण सम्बन्धि विवरण

**वाग्मती नदीको दुवै किनारामा हरियाली प्रवर्धन**

अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको मुख्य उद्देश्य मध्ये वाग्मती नदीको दुवै किनारामा भौतिक पूर्वाधार निर्माण कार्य गरी बाँकी रहेको क्षेत्रमा हरियाली प्रवर्धन गर्ने, वाग्मती नदीको शौन्दर्यता बढाउनको साथै पानीको शुद्धता र बृद्धिमा समेत सहयोग पुग्ने कार्य गर्न र भू-क्षय नियन्त्रणमा पनि सहयोग पुर्याई वातावरण स्वच्छ गर्न सहयोग पुग्ने र वाग्मती किनारमा वसोवास गर्नेहरु साथै अन्यलाई पनि स्वस्थ्य मनोरन्जनको स्थल विकास गर्न र स्वास्थ लाभ गर्ने सुन्दर स्थान बनोस् भन्ने उद्देश्यलाई मध्यनजर गरी वाग्मती नदीको दुवै किनारमा खाली भएको क्षेत्रहरुमा विभिन्न सरकारी गैर-सरकारी संघ/संस्थाहरुलाई स्वत-स्फूर्त उद्यान निर्माण र बृक्षारोपण कार्यमा सहभागि हुन आवहान गरिएको छ। हालसम्म सरकारी कार्यालय र गैर सरकारी संस्थाहरु गरी जम्मा ४१ वटाले यस कार्यमा सहभागि हुन मौखिक प्रतिबद्धता देखाई लिखित रुपमा ३९ कार्यालय/संस्थाहरुले निवेदन समेत दिई २२ वटासँग संभ्फौता भई १८ वटाले कार्य पनि संचालन गरी सकेका छन्, जस्मध्ये ८ वटाको कार्यबाट उद्यानको स्वरुप समेत लिई सकेको अवस्था छ र त्यसमा सर्वसाधारणले मनोरन्जनको साथै स्वास्थ्य लाभ लिने कार्यहरु शुरु भई सकेको छ। वाग्मती नदीको तिल गंगा पुल देखि शंखमुलको पुल सम्म १३४-१२-०२-० रोपनी क्षेत्रफलमा उद्यान र बृक्षारोपणको लागि विभिन्न सरकारी र गैर सरकारी संस्थाहरुबाट माग समेत आईसकेको मध्ये १००-०८-०१-०१ रोपनी क्षेत्रमा उद्यान निर्माण गर्न संभ्फौता भई कार्यसन्चालन भईरहेको छ।

यस प्रकार हाम्रो वाग्मती सबैको वाग्मती, सफा वाग्मती अभियानलाई बृक्षा रोपण, उद्यान निर्माण जस्तो कार्यले उर्जा थप भई वाग्मती नदीमा हरियाली प्रवद्धन र विकास भईरहेको छ। यस अभियानवाट नेपाल सरकारको स्वामित्वमा र निर्देशन अनुरुप संघ/संस्थाहरुले आफ्नै लगानीमा निर्माण, संरक्षण र संबर्द्धन गर्ने काम गरिरहेका छन्। सरकारी काममा गैर सरकारी निकायहरुको सहभागिताको नमुना वाग्मती नदीमा उद्यान र हरियाली विस्तार कार्य हो।

**फाईदाहरु**

» सन्तुलित वातावरण कायम गर्नमा सहयोग।
» वाग्मती किनारको खाली जग्गाहरुमा फोहर फाल्ने कार्यमा नियन्त्रण।
» बाहिरि व्यक्तिबाट जग्गा कब्जा गर्ने कार्यमा नियन्त्रण।
» वाग्मती किनारको शौन्दर्यता बढाउने कार्यमा सहयोग।
» ठूलो मात्रामा सरकारी रकमको बचत।
» विभिन्न सरकारी र गैर सरकारी कार्यालयहरुलाई वाग्मती सफाई अभियानमा साभ्फेदार बनाउनमा सहयोग।
» वाग्मती सरसफाई कार्यमा जनसहभागितात्मक र अपनत्व कार्यलाई बलियो बनाउने कार्यमा सहयोग।
» आयोजनाको वाग्मती किनारामा हरित क्षेत्र बनाउने लक्ष्यलाई पुरा गर्ने कार्यमा सहयोग।
» जैविक विविधता संरक्षण कार्यमा सहयोग।
» वाग्मती खोलाको पानी शुद्धिकरण र पानीको मात्रा बढाउने कार्यमा सहयोग।
» भू-क्षय नियन्त्रण कार्यमा सहयोग।
» सर्व साधारणलाई बिहान बेलुका घुमफिर र मनोरन्जन स्थलको विकासका साथै स्वास्थ्य लाभ लिने कार्यमा सहयोग।

| क.सं | सरकारी, गैर सरकारी संघ/ संस्थाहरुको नाम | निवेदन दिएको | सम्भ्फौता गरेको | कार्य शुरु गरेको | उद्यानको रुप बनाई सकेको |
|---|---|---|---|---|---|
| १ | राम्रो जोरपाटी हाम्रो जोरपाटी | √ | √ | √ | √ |
| २ | पुडासैनी मैत्री समाज | √ | √ | √ | √ |
| ३ | आर्ट अफ लिभिङ्ग | √ | √ | √ | |
| ४ | तिलगंगा आवास क्षेत्र टोल सुधार समिति का.म.पा - ९ कालिमाटी डोल | √ | √ | √ | √ |
| ५ | नेपाल सोका गाक्काई ईन्टरनेशनल (SGI) | √ | √ | √ | √ |
| ६ | राष्ट्रिय वाणिज्य बैंक | √ | √ | √ | |
| ७ | तिलगंगा महिला समुह - ८ काठमाडौं | √ | √ | √ | √ |
| ८ | निजामति कर्मचारी श्रीमती संघ | √ | √ | √ | √ |
| ९ | मिरमिरे युवा समाज, सिनामंगल | √ | | | |
| १० | शसस्त्र प्रहरी | √ | √ | √ | |
| ११ | नेपाल नागरिक उड्डयन प्राधिकरण | √ | √ | √ | |
| १२ | वातावरण विभाग | √ | √ | √ | √ |
| १३ | नेशनल भोलेनटियर एशोशिएसन | √ | √ | √ | |
| १४ | नेपाल प्रहरी सामुदायिक सेवा | √ | √ | √ | √ |
| १५ | विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय | √ | √ | √ | |
| १६ | कान्तिपुर पब्लिकेसन | √ | | | |
| १७ | निजि तथा आवासिय विद्यालय अर्गनाईजेशन नेपाल (प्यावसन) | √ | √ | | |
| १८ | भि.एस निकेतन मा.वि | √ | √ | | |
| १९ | हिसान | √ | | | |
| २० | सांग्रीला टुर्स एण्ड होटल ट्रेनिङ सेन्टर | √ | √ | | |
| २१ | श्री नविल बैक लिमिटेड विनामार्ग, | √ | √ | √ | |
| २२ | युथ एलाईन्स ईन्भारोमेन्ट अनामनगर | √ | | | |
| २३ | नेपाल टेलिकम, केन्द्रीय कार्यालय भद्रकाली | √ | √ | √ | |
| २४ | श्री वाग्मती मनोहरा सरोकार समिति | √ | | | |
| २५ | श्री कृष्ण प्रणामी सेवा समिति नेपाल | √ | √ | √ | |
| २६ | गैर आवासिय नेपाली संघ | √ | √ | √ | |
| २७ | जीवन बिज्ञान | √ | √ | | |
| २८ | काठमाडौं इन्जिनियरिङ्ग कलेज | √ | | | |
| २९ | सत्य साही सेवा क्षेत्रीय समिति | √ | | | |
| ३० | दिब्य हस्पिटालिटी | √ | | | |
| ३१ | महिला वातावरण समुह, कुपन्डोल | √ | | | |
| ३२ | नेपाली सभा | √ | | | |
| ३३ | जोरपाटी टोल बासी | √ | | | |
| ३४ | नेपाल विज्ञापन संघ | √ | | | |
| ३५ | माकलबारी क्षेत्र | √ | | | |
| ३६ | नेपाल चित्र गुप्त समाज, विनायक मार्ग | √ | | | |
| ३७ | आदर्श सेवा नवजीवन केन्द्र, तिलगंगा | √ | | | |
| ३८ | युनाइटेड ट्रेडस सिन्डिकेट प्रा.लि (टोयोटा), | √ | | | |
| ३९ | एपेक्स कलज | | | | |
| ४० | गायत्री समाज | | | | |
| ४१ | लायन्स क्लव अफ काठमाडौं | √ | | | |
| | जम्मा | ३९ | २२ | १८ | ८ |

*नोट :*

*तिलगंगा पुलदेखि थापा थली पुलसम्म लगभग २०० रोपनी क्षेत्र उद्यान बनाउन उपलब्ध हुन सक्ने*

*हाल उद्यान निर्माण गर्न माग भएको क्षेत्र : १३४-१२-०२-० रोपनी*

*उद्यान निर्माण गर्न संभ्फौता भई सकेको क्षेत्र : १००-८-०१-०१ रोपनी*

*उद्यान निर्माण गर्न हालसम्मको अनुमानित लागत रु ४,५०,००,०००।-*